## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०३-२०७९/०८०

मिति २०७९/०५/०९ समयः दिनको १५:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

**मितिः २०७९/०५/०९** **बैठक संख्याः ०३-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. प्राविधिक फिल्ड खाजा खाना खर्च तोक्ने सम्बन्धमा ।
३. सिंच्याङ्ग सार्वाङ्ग सडकको काम अगाडी बढाउने सम्बन्धमा ।
४. भूमिको वर्गिकरण सम्बन्धमा ।
५. घरायसी सौर्य प्रणाली वितरण सम्बन्धमा ।
६. सेवाग्राही सहजकर्ता स्वयंसेवक छनौट सम्बन्धमा ।
७. वडा नं. २ वडा सचिव तोक्ने सम्बन्धमा ।
८. सडक मर्मत सम्बन्धमा ।
९. जिल्ला निर्वाचन कार्यालयको कार्यक्रम कार्यतालिका सम्बन्धमा ।
१०. विपदजन्य क्षतिको क्षतिपुर्ति तथा मर्मत सम्भार सम्बन्धमा ।
११. गणक खटाउने सम्बन्धमा ।
१२. सुरक्षित नागरिक आवास कार्यक्रमको नपुग रकम माग सम्बन्धमा
१३. नगर प्रहरी र ल्याव टेक्निसियन करारमा पदपूर्ति गर्ने सम्बन्धमा ।
१४. आन्तरिक ठेक्का लगाउने सम्बन्धमा ।
१५. अस्पताल दरबन्दी सम्बन्धमा ।
१६. कार्यक्रममा सहयोग सम्बन्धमा ।
१७. प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गर्ने सम्बन्धमा ।
१८. पुल निर्माण सम्बन्धमा ।
१९. कर्मचारी पुरस्कार तथा प्रशंसापत्र सम्बन्धमा ।
२०. सडक कालोपत्रे गर्ने सम्बन्धमा ।
२१. राष्ट्रिय भूमि आयोग जिल्ला शाखा तनहुँलाई सिफारिस गर्ने सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका वैठकमा भएको निर्णयको कार्यान्वयन प्रगति सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २:** इन्जिनियरिङ्ग तर्फका प्राविधिक कर्मचारीहरु धेरै जसो फिल्डमा खटिनुपर्ने बिहान बेलुका पनि काममा खटिनुपर्ने भएकोले दैनिक भ्रमण भत्ता नदिने गरी सो को सट्टामा खाना, खाजा खर्च स्वरुप तपसिल अनुसारको रकम मासिक रुपमा नगद भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | पद | कार्य क्षेत्र | मासिक रकम (रु.) |
|---|---|---|---|
| १ | इन्जिनियर | गाउँपालिका | ७,०००/- |
| २ | सव इन्जिनियर / अ.सव. इन्जिनियर | गाउँपालिका | ५,०००/- |
| ३ | सव इन्जिनियर / अ.सव. इन्जिनियर | १ वटा वडा | ३,०००/- |
| ४ | सव इन्जिनियर / अ.सव. इन्जिनियर | २ वटा वडा | ५,०००/- |

**निर्णय नं. ३:** संघीय समपुरक बजेटबाट वडा नं. ४ सिंच्याङ्ग, सार्वाङ्ग सडकको ठेक्का प्रक्रियाबाट काम भएको, ठेक्का म्याद २०७९ आषाढ सम्म भएकोमा उक्त समयमा काम सम्पन्न हुन नसकेकोले २०७९ पौष महिना सम्म म्याद थप भएकोमा म्याद थप भएको समयसम्म काम सम्पन्न गर्न बाँकी रकम यस आ.व.मा विनियोजन गरी रकम उपलब्ध गराइदिन संघीय सरकारमा माग गरिएको र उक्त रकम प्राप्त भएमा ठेक्का सम्झौता अनुसार बाँकी सबै काम सम्पन्न गर्ने तर माग बमोजिमको रकम प्राप्त हुन् नआएमा गाउँपालिकाको पूँजिगत भैपरी रकमबाट खर्च गर्ने गरी कटिङ्ग तथा नयाँ ट्र्याक खोल्ने काम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** भू उपयोग नियमावली, २०७९ तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९/०४/३१ को प्रेस विज्ञप्ती अनुसार भू-उपयोग योजना निर्माण नहुँदा सम्म हाल कृषि र गैरकृषि क्षेत्र छुट्टाएर वडा समितिको निर्णय सहित सिफारिस गरी पठाइदिन वडा कार्यालयमा लेखि पठाउने र भू उपयोग योजना विज्ञ/परामर्शदाताबाट निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** अति विपन्न र विद्युत लाइन नपुगेको घरधुरीहरुमध्ये प्राथमिकताको आधारमा वडा कार्यालयले वितरण गर्ने गरी २० वाट क्षमताको सोलार प्यानल सेट तपसिल अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल:**

वडा नं. १ - ५ सेट

वडा नं. २ - ६ सेट

वडा नं. ३ - ७ सेट

वडा नं. ४ - ५ सेट

वडा नं. ५ - ५ सेट

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**तिल बहादुर**
**अध्यक्ष**

**निर्णय नं. ६:** गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई फर्म भर्ने, निवेदन दिने, सेवाग्राहीहरुलाई सम्बन्धित शाखा/इकाईमा पठाउने लगायतका सेवा प्रवाह सम्बन्धी विषयमा सेवाग्राहीहरुलाई सहजीकरण गर्नको लागि यस आ.व.को बजेट खर्च शिर्षक नं. २२४१३ को सेवा प्रवाहमा सुधार गर्ने सेवाग्राही सहजकर्ता परिचालन कार्यक्रमबाट खर्च गर्ने गरी यस आ.व. को लागि सेवाग्राही सहजकर्ता स्वयंसेवक करारमा नियुक्ती गर्ने निर्णय गरियो । साथै सेवाग्राही सहजकर्ता स्वयंसेवकको लागि न्यूनतम शैक्षिक योग्यता SEE वा सो सरह हुनुपर्ने, अनुभवलाई प्राथमिकता दिने र जीवन निर्वाह खर्च मासि रु. २०,०००/- (बिस हजार रुपैया) भुक्तानी दिने गरी स्वयं सेवक नियुक्ति गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** वडा नं. २ वडा कार्यालयमा लामो समय देखि वडा सचिव रिक्त भई काममा बाधा परेकोले अन्य जनुसुकै सेवा तथा पदका स्थायी कर्मचारीलाई खटाई वडा सचिवको काम तथा पञ्जिकाधिकारीको काम गर्न अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** वर्षातको समयमा १ देखि ५ सम्म वडाका सडकहरुमा क्षति भई सडक अवरुद्ध भएकोले अवरुद्ध सडकहरु सफाई गर्ने, मर्मत गर्ने, सुधार गर्ने गरी लागत इष्टिमेट तयार गर्ने र लागत इष्टिमेट अनुसार नै मर्मत सम्भार शिर्षकबाट खर्च गर्ने गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** दावी विरोध र अद्यावधिक प्रतिक्रिया तथा कार्यतालिका बारेको जिल्ला निर्वाचन कार्यालयको पत्रको बारेमा जानकारी भई छलफल भयो र वडा कार्यालयबाट सो सम्बन्धि कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** भारी वर्षातको कारणले तपसिल अनुसारको विपदजन्य घटना भएकोले तपसिल अनुसारको क्षतिपूर्ति दिने तथा मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. देवघाट – १ कालिकाटार स्थित धन बहादुर गुरुङको ५ रोपनी खेत मध्ये ४ रोपनी धान खेत सहितको जग्गामा क्षति पुर्याएको
२. देवघाट – १ चण्डुली स्थित बम बहादुर गुरुङको बारी पहिरोले क्षति पुर्याएको ।
३. देवघाट – २ कोटवैदी श्री सिद्ध आधारभुत विद्यालय, विद्यालयको भवनको छानामाथि रुख लडी क्षति पुर्याएको
४. देवघाट – २ स्थित खाल्टे कटहरे कुलो भत्किएकोले मर्मत शिर्षकबाट मर्मत गर्ने ।
५. देवघाट – ३ छिपछिपे श्री बालकेश मा.वि.को विद्यालय भवनतर्फ पहिरो गई क्षति पुर्याएको (रिटेनिङ्ग वाल लगाउनु पर्ने कार्य)
६. देवघाट – ५ क्वादी स्थित नवराज गुरुङको घरमा पहिरो गई क्षति पुगेको
७. देवघाट – ५ साँढेवगर स्थित मिम बहादुर गुरुङ घरभित्र बाढी पसी क्षति पुर्याएको ।

**निर्णय नं. ११:** वडाको वडागत तथ्यांक लिनको लागि तपसिल अनुसारको वडा कार्यालयले सिफारिस गरी पठाएका स्वयंसेवक गणक खटाउने र गणकको लागि प्रति गणक रु. १५,०००/- (पन्ध्र हजार रुपैया) एकमुष्ठ यातायात तथा खाजा खाना खर्च भुक्तानी दिने गरी खटाउने निर्णय गरियो ।

रमेश लुइँटेल
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**तपसिल:**

वडा नं. १ का लागि - १ जना

वडा नं. २ का लागि - १ जना

वडा नं. ३ का लागि - १ जना

वडा नं. ४ का लागि - १ जना

वडा नं. ५ का लागि - ३ जना

**निर्णय नं. १२:** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छाना विस्थापन कार्यक्रम अनुसार हाल सम्म भुक्तानी लिएका बाहेक बाँकी रहेका लाभग्राहीको खरको छाना विस्थापन गर्न नपुग रकम सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** देवघाट गाउँपालिकाको दुर्गम क्षेत्र मानिने वडा नं. २ र ३ मा सेवा पुर्याउने गरी वडा नं. ३ छिपछिपे स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन गर्ने निर्णय गरियो । यसको लागि ल्याव टेक्निसियन करारबाट पदपूर्ति गर्ने निर्णय गरियो । साथै रिक्त रहेको नगर प्रहरी २ जनाको पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** देवघाट गाउँपालिकामा उत्पादित कृषि तथा पशुजन्य वस्तु गाउँपालिका बाहिर निकासी गर्दा स्थानीय उत्पादन तथा वातावरण शुल्क उठाउनको लागि आन्तरिक आय ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५:** नेपाल सरकारबाट हाल अस्पतालको दरबन्दी स्वीकृत गरेकोमा यस गाउँपालिकामा अस्पताल भवन निर्माण भइरहेको तर भवन निर्माण सम्पन्न नहुँदा सम्म अस्पताल संचालन गर्नको लागि हाल देवघाट धर्मार्थ अस्पताल सञ्चालन भइरहेको भवनमा अस्पताल संचालन गर्न सकिने भवन रहेको हुँदा दरबन्दी स्वीकृत गरी आवश्यक रकम उपलब्ध गराइदिनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६:** हरितालिका तिज चाडको अवसरमा देवघाट रेडियो र बिहानी मिडियाले महिला चेतना सम्बन्धमा तिज गित प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नको लागि रु. २०,०००/- (बिस हजार रुपैया) का दरले पत्रपत्रिका शिर्षकबाट नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७:** त्रिशुली नदी र सेती नदीका सम्भावित घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन गर्नको लागि प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:** पुल निर्माण सम्बन्धमा ।

क) भरतपुर महानगरपालिका वडा नं. १ ठिमुरा र देवघाट गाउँपालिका वडा नं. ५ जोड्ने त्रिशुली नदी ठिमुरामा पक्की पुल बन्ने क्रम धेरै वर्ष देखि भइरहेको तर पटक-पटक भंकिएको अवस्था भएकोले हाल सम्म पुरा हुन नसकेकोले भरतपुर-देवघाट सहज आवागमनमा समस्या भएकोले उक्त पुल यथाशिघ्र उचित गुणस्तरमा निर्माण गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

ख) भरतपुर महानगरपालिका वडा नं. १ र देवघाट वडा नं. ५ बद्रिमुक्तिटोल त्रिशुली नदीमा हाल भईरहेको झोलुङ्गेपुल जिर्ण रहेको, देवघाट क्षेत्रमा समय-समयमा मेला जात्रा लाग्ने र ठुलो संख्यामा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

तिर्थयात्रीहरु आउने जाने क्रम रहेकोले उक्त पुलको आसपासमा वैकल्पिक झोलुङ्गे पुल निर्माण गर्नुपर्ने अति आवश्यक भएकोले उक्त स्थानमा वैकल्पिक झोलुङ्गे पुल निर्माण गरिदिनको लागि सम्बन्धित निकायमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १९:** कर्मचारी पुरस्कार तथा प्रशंसापत्र सम्बन्धमा ।

निजामती सेवा दिवस तथा आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट किताब सार्वजनिकीकरणको दिन भाद्र २२ गतेका दिन देवघाट गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई तपसिल अनुसार कर्मचारी २११३५ शिर्षकबाट पुरस्कार तथा प्रशंसापत्र वितरण गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | पुरस्कार / प्रशंसापत्रको विवरण | संख्या | पुरस्कार राशी प्रति कर्मचारी (रु.) |
|---|---|---|---|
| १ | कर्मचारी पुरस्कार र प्रशंसापत्र | ४ | १०,०००/- (दश हजार) |

**निर्णय नं. २०:** सडक कालोपत्रे गर्ने सम्बन्धमा ।

देवघाट ५ घिनाटार चोकदेखि टाउनचोक हुँदै देउपुरसम्मको सडक कालोपत्रे गर्ने कार्यक्रम अनुसार हाल घिनाटार चोकदेखि टाउनचोकसम्म सडक कालोपत्रे गर्न करिब रु. ३,४८,००,२१९.१७ रकम बराबरको लागत इष्टिमेट लाग्ने भएकोमा संघीय समपुरक अनुदानबाट रु. १,५०,००,०००.०० (एक करोड पचास लाख रुपैया) खर्च गर्ने र नपुग जति सबै रकम गाउँपालिकाबाट विनियोजित र भैपरी शिर्षकको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:** देवघाट गाउँपालिका ५ नं. वडा कार्यालयको प.सं. २०७९/०८० च.नं. ३२५ मिति २०७९/०४/२९ बमोजिम वडा समितिको मिति २०७९/०४/२९ को निर्णय सहित वडा नं. ५ को कार्यालयबाट सिफारिस भई आए अनुसार देहायको परिवारलाई देहाय बमोजिम प्रमाणिकरण गर्न भूमि सम्बन्धी नियमावली, २०२१ को नियम ४१ घ उपनियम (४) बमोजिम राष्ट्रिय भूमि आयोग, जिल्ला समिति तनहुँमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.न | सि.नं.द. | परिवारमूली र परिवारका सदस्यको नाम | ना .नं.प.प्र. नावालक / .परिचय पत्र नं जारी जिल्ला / मिति | पेशा | परिवारमूलीको आमाको नाम | परिवारमूलीको पति/ बुवा / नाम र ना.प्र.प नं. | परिवारमूलीको बाजे ससुराको / नाम | परिवारमूलीको नाता | भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | BD 00 04 | नर बहादुर परियार | ११२ / तनहुँ / २०४६-०२-१३ | ज्याला मजदुरी | बुद्दी माया परियार ना.प्र प नं. १५४४८ | बुवा-दल बहादुर परियार ना.प्र प.नं. १५४४९ | लाटा परियार | परिवार मूली आफैं | भूमिहीन दलित |
| | | विष्णु माया परियार | १११ / नवलपरासी पूर्व / २०४६-०२-०९ | ज्याला मजदुरी | | | | पत्नी | |
| | | शिव परियार | ४३१०१३-२२३ / तनहुँ / २०६८-१२-२३ | ज्याला मजदुरी | | | | छोरा | |
| | | रिता परियार | ०१३-१३ / तनहुँ / २०७१-१२-२० | ज्याला मजदुरी | | | | बुहारी | |
| | | नम्रता परियार | नाबालक | - | | | | नातिनी | |
| | | ममता परियार | नाबालक | विद्यार्थी | | | | छोरी | |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | BD 00 05 | पदम माया परियार | ६८५०४ / तनहुँ / २०६०-०८-१६ | ज्याला मजदुरी | सुनि माया परियार- (मृत्यू भैसकेकोले नागिरकता नभएको) | बुवा- गजमान परियार ७४/ तनहूँ/ २०४५/१/१४ पति- चतुरमान परियार ४०७/ तनहूँ २०४६/२/१० | देउराम | परिवार मूली आफैं | भूमिहीन दलित |
| | | कुमार परियार | ९६१५३ / तनहुँ / २०६३-०८-१५ | ज्याला मजदुरी | | | | छोरा | |
| | | प्रेम बहादुर परियार | ६८६२७ / तनहुँ / २०६८-०२-०३ | ज्याला मजदुरी | | | | छोरा | |
| ३ | BD 00 06 1 | ओम कुमारी गुरुङ | ४३-७३-०६-०३३३५ / तनहुँ / २०७३--०४--१३ | कृषि | आमा विष्णुमाया गुरूङ ना.प्र.प नं.११४२/तनहूँ / २०४५/०२/११ | पति कृष्ण बहादुर गुरूङ बुवा भिमराज गुरूङ ना.प्र प. नं. २८१५/तनहूँ/२०४१ /१२/०२ | गंगा बहादुर गुरूङ | परिवार मूली आफैं | भूमिहीन सुकुम्वासी |
| | | कृष्ण बहादुर गुरूङ | ४२३३२ / तनहुँ / २०५७-०२--०६ | कृषि | | | | पति | |
| | | सनिल गुरूङ | २ / तनहुँ / २०६४-०६--०९ | विद्यार्थी | | | | छोरा | |
| ४ | BS 00 40 | बासुदेव बराल | ५८-०१-७५-०७९९३ / मुगु / २०७५-०२-२० | विद्यार्थी | नन्दकली जैसी ५८२०१३/मुगु /२०६३/१२/१ | जय जैसी ६८०/ मुगु/२०४३/४/१५ | धनलाल जैसी | परिवार मूली आफैं | भूमिहीन सुकुम्वासी |
| ५ | BS 00 28 | सुमान सिं गुरुङ | १०३२ / तनहुँ / २०४५-०२-१० | कृषि | देउकन्या गुरुङ (मृत्यू भैसकेकोले नागिरकता नभएको) | आइत सिं गुरुङ ((मृत्यू भैसकेकोले नागिरकता नभएको) | थाहा नभएको | परिवार मूली आफैं | भूमिहीन सुकुम्वासी |
| ६ | BS 16 15 | नर बहादुर आले | ४४५ / तनहुँ / २०४४-१२-१८ | ज्याला मजदुरी | हस्त कुमारी आले (मृत्यू भैसकेकोले नागिरकता नभएको) | मान सिं आले (मृत्यू भैसकेकोले नागिरकता नभएको) | धन सिं आले | परिवार मूली आफैं | |
| | | गंगा कुमारी थापा | ४१० / तनहुँ / २०४६-०२-१० | ज्याला मजदुरी | | | | पत्नी | |
| ७ | BS 00 01 | मान बहादुर तामाङ | ४०६६१ / तनहुँ / २०५६-११-०१ | ज्याला मजदुरी | कान्छीमाया तामाङ (मृत्यू भैसकेकोले नागिरकता नभएको) | जगत बहादुर तामाङ (मृत्यू भैसकेकोले नागिरकता नभएको) | थाहा नभएको | परिवार मूली आफैं | भूमिहीन सुकुम्वासी |
| | | शेर बहादुर तामाङ | ४३३०१३/६८२ / तनहुँ / २०६३-११-२० | ज्याला मजदुरी | | | | छोरा | |
| | | बिष्णु तामाङ | ४३३०१३/८०७ / तनहुँ / २०६३-११-२० | ज्याला मजदुरी | | | | बुहारी | |
| | | राम बहादुर तामाङ | ४३३०१३/१९७ / तनहुँ / २०७०-०२-२१ | ज्याला मजदुरी | | | | छोरा | |
| | | टिकामाय डिसुवा | ३६२०१२/३८७ / नवलपरासी पूर्व / २०६६-०४-२८ | ज्याला मजदुरी | | | | बुहारी | |
| | | बिहान तामाङ | नाबालक | | | | | नाति | |
| | | सविना तामाङ | | विद्यार्थी | | | | नातिनि | |
| ८ | BS 00 35 | मनमाया गुरुङ | ४३३०१३-९५० / तनहुँ / २०६३-११-२१ | ज्याला मजदुरी | लालमति गुरुङ (मृत्यू भैसकेकोले नागिरकता नभएको) | बुद्दिराज गुरुङ (मृत्यू सकेकोले नागिरकता नभएको) पति: मिन बहादुर गुरूङ ना. प्र.प. नं.४३३०१३/७४६/तनहूँ/२०६३/११/२० | विर बहादुर गुरुङ | घरमूली | भूमिहीन सुकुम्वासी |
| | | राजु गुरुङ | ४३१०१३-६५ / तनहुँ / २०७०-१२-२० | ज्याला मजदुरी | | | | छोरा | |
| | | सुप्रिया गुरुङ | ४३-०३-७५-१२५ / तनहुँ / २०७५-०४-२६ | ज्याला मजदुरी | | | | बुहारी | |
| | | रोशिका गुरुङ | नाबालक | | | | | नातिनी | |
| | | सिजन गुरुङ | | विद्यार्थी | | | | नाति | |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष